# जिल्ला विकास समितिको कार्यालय, अर्घाखांची

## सार्वजनिक सुनुवाइ सम्बन्धी प्रतिवेदन

**पृष्ठभूमी:**

जिल्ला विकास समिति र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउनका लागि सार्वजनिक सुनुवाई कार्यक्रमको आवश्यकता महशुस भई आ.व.०७१।७२ को दोस्रो चौमासिक अवधिमा सो कार्यक्रमको आयोजना भई सम्पन्न भएको छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रमको उदेश्य:**

जिल्ला विकास समितिवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने यस कार्यक्रमको उद्देश्य हो ।

**सार्वजनिक सुनुवाइको कार्यकम संचालन देहाय बमोजिम रहेको :**

क) अध्यक्षता ग्रहण तथा कार्यक्रम शुरु भएको घोषणा ,

ख) कार्यक्रमको उद्देश्य माथि प्रकाश ,

ग) आचार संहितावारे जानकारी ,

घ) सार्वजनिक सेवा प्रवाहवारे संक्षिप्त जानकारी,

ङ) सहभागीहरुबाट तोकिएको विषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन ,

ज) जिविसका जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने,

झ) स्पष्टता पछि थप जिज्ञासाको आह्‌वान गर्ने,

ञ) सम्वन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने ,

ट) समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन गर्ने ।

**कार्यक्रममा लागु गरिएको आचारसंहिता:**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

स्थानीय विकास अधिकारी

२. सहभागीले प्रश्न वा सुझाव के [illegible] हो पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र [illegible] नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ । आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।

५. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

६. सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा मर्यादामा आँच आउने भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

७. सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

**सार्वजनिक सुनुवाईका मुख्य प्रतिवेदन:**

- सार्वजनिक सुनुवाइ संयोजन गर्ने: स्थानीय विकास अधिकारी हरिप्रसाद ज्ञवाली
- सुनुवाइ गरिएका विषयवस्तुहरु

क) विकास निमार्ण ख) सेवाप्रवाह

कार्यक्रम आयोजना स्थल :– खिल्जी बेल्बोट
कार्यक्रम आयोजना गरिएका मिति : २०७१।११।२६ र समय : दिउसो १२.३०बजे
कार्यक्रम सञ्चालन गरिएको समयावधि ३ घण्टा । दिउसो १.०० बजे देखि ४.०० बजे सम्म ।

| क्रम संख्या | गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफ र प्रतिवद्धताको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | झबिलाल बन्जाडे, खिल्जी ८ | • उपस्वास्थ्य चौकी निमार्णको लागि जग्गा खरिद र घडेरी खन्ने कार्य भएको । राम्रो र दिर्घकालीन रुपमा सोचेर बनाउदा जिल्ला विकास समितिको रु. ५००००० र शान्तिका लागि विकास कार्यत्रमबाट आएको रु ३००००० बाट असम्भव भएकोले जगको काममा धेरै खर्च भैसकेको यसलाई क्रमागत रुपमा राखेर अगाडि बढ्न पाईन्छकी पाईदैन ।<br>• सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको मृत्यु भैसकेपछि मृत्युदर्ता गराउदा परिचयपत्र गाविसमा फिर्ता गर्ने गर्दा राम्रो हुने सुझाव । | स्थानीय विकास अधिकारी श्री हरिप्रसाद ज्ञवाली | • कार्यक्रमका उपस्थित भई विकास निमार्ण र सेवाप्रवाहको विषयमा गुनासो सुझाव , सल्लाह गरिएका कार्यको प्रसंशा गर्ने र सुझाव दिने सबैलाई धन्यावाद<br>• स्वाथ्यको भवन निमार्णको लागि विनियोजन भएको बजेट जग्गा खरिद गर्न सकिदैन । यसका लागि स्थानीय रुपमा पहल गरेर छेछाउमा २ रोपनी जग्गा थप गरि ५ रोपनी बनाउन सुझाव । स्वास्थ्य मंत्रालयले स्वास्थय चौकीको नाममा ५ रोपनी जग्गा भएमा भवनको कार्यक्रम दिने नीति रहेकोले त्यस तर्फ पहल गर्नुपर्ने । अहिले भवन बनाउदा एउटा छेउबाट शुरु गर्न सुझाव ताकि स्तरीय भवन बनाउदा पुन: भत्काउन नपरोस । यसलाई राम्रो बनाउन हामी सहयोग गर्ने छौ । जिल्ला विकास समिति तपाईहरुको साथमा छ । अभियान बाट सामाजिक क्षेत्रमा अगाडि बढिसकेको यस इलाका अर्थिक विकासमा अगाडि बढ्नुहोस ।<br>• डोटाकापोखा धारापानी सडक स्थानीय सडक भएकोले यसलाई गाविस स्तरबाटै पहल गर्नुहुन र जिल्ला सडक गुरुयोजनामा प्राथमिकतामा परेका सडकहरु जुन तपाईहरुको लागि पनि महत्वपुर्ण छन् । तिनिहरुको स्तरवृद्धिमा जिविस लागि परेको छ ।<br>• चुत्रावेशी कुर नुवाकोट असुरकोट सडक जिल्लाको महत्वपुर्ण सडक भएकोले यसलाई SNRTP बाट स्तरोन्नतिको कार्य अगाडि बढाईएकोमा हाल आएर उक्त सडक राष्ट्रिय रणनैतिक सडकमा परेकोले |
| २ | जिवलाल आचार्य, वडा नागरिक मंच सचिव खिल्जी | • डोटाकापोखा धारापानी मोटरबाटो अधुरो भएको यसको अधुरो कार्य सम्पन्न गर्ने सम्बन्धमा जिल्लाको सोच के छ । | | |
| ३ | भुपलाल खनाल, ने.क.पा. एमाले अध्यक्ष नुवाकोट गाविस | चुत्रावेशी कुर नुवाकोट खिल्जी असुरकोट सडक स्तरवृद्धि SNRTP बाट सुरु भएकोमा अब सो परियोजनाले छाड्ने भन्नमा सुन्नमा आएको छ । यसले छाड्यो भने यो महत्वपुर्ण सडक अलपत्र पर्ने देखिन्छ । यसमा स्पष्ट पार्न अनुरोध । | | |
| ४ | हिमलाल बन्जाडे असुरकोट प्रतिनिधि | • १५ बर्ष अगाडि गार्डेपबाट सम्पन्न भएको नुवाकोट , खिल्जी असुरकोट खोपानी योजना २४ कि.मी. टाढाबाट आएको र ठुलो र लामो दरीको भएकोले यसलाई मर्मत सम्भार गरि चालु अवस्थामा राख्न बजेट अभावले गर्दा कठिनाई भएको छ। यसमा जिविसको सोच कस्तो रहेको छ । | | |
| ५ | चन्द्र बहादुर थापा , शान्ति मा.वि. | • नौलापानी रामकोट लिफ्ट खानेपानी योजना गाविसले | | |

स्थानीय विकास अधिकारी

| | | |
|---|---|---|
| | | सम्पन्न गर्न प्रयास [illegible] |
| ६ | गोपाल प्रसाद वेल्वासे , खिल्जी | • चिदिचौर खिल्जी ३,४,५ र ९ को खानेपानी योजना रेडक्रसबाट सम्पनन भएको र मर्मत सम्भार र बजेटको अभावले त्यो योजना पुन निमार्णको आवशयकता छ , यसलाई के कसरी अगाडि बढाउन सकिन्छ । |
| ७ | तारा भण्डारी , खिल्जी | • जिल्ला विकास समितिमा महिलाका लागि १५ लाख बजेट हरेक बर्ष आउछ र महिला नेताहरुले विनियोजन गछ्रन भन्ने सुन्नमा आएको छ । वहाहरुले आफ्नो गाउमा लैजाने भएर होकी खिल्जी गाविसमा कुनै कार्यक्रम नआउने । |
| | चेत वहादुर पोखेल वि.क., खिल्जी | • सबैको केन्द्र खिल्जी वेल्वोटमा विभिन्न कार्यक्रम र मान्छेहरुको आवत जावत गर्ने भएकोले यस स्थानमा सार्वजनिक शौचालयको आवशयक रहेको सुझाव |
| | ज्ञान वहादुर सुनार , राजमो प्रतिनिधि खिल्जी | • हाम्रो इलाकामा केन्द्रिय नेता नभएर होकी विकासमा पछाडि परेको ।<br>• पोषण भत्ता पाउने वालवालिका सबैले पाएनन किन । यसको जवाफ तत्काल दिनु परयो । |
| | रेश्मी नेपाली खिल्जी किर्लुंक | • सडक राम्रो नहुदा महिलालाई सुत्केरी गराउन ल्याउन लैजान असजिलो भएको छ । टाइममा अस्पताल पुरयाउन नसक्दा एकजना आमाले ज्यान गुमाउनु परयो ।वडा स्तरीय सहकको स्तर बृद्धि र एम्बुलेन्स को व्यवस्था हुन माग । |
| | यमवहादुर केसी | धेरै खेती योग्य जमिन रहेको दुर्वाङ सिचाई योजना हामी |

[illegible] सडकमा ल्याउन पहल गरिरहेको छौ । जिल्ला स्तरीय सडकमा आयो भने SNRTP बाट अगाडि बढाउछौ यदि जिल्ला स्तरीय सहडकमा ल्यान सकिएन भने पनि यसलाई सडक विभाग र जिविसबाट अगाडि बढाएर अलपत्रपर्न दिदैनौ ।

- नौलापानी रामकोट लिफ्ट खानेपानी योजना जिविस र गाविसबाट चालु आ.व.मा सम्पन्न हुने गरि बजेट विनियोजन भई कार्य अगाडि बढिरहेको छ । यसको अनुगमन गरि सुझाव दिन अनुरोध । साथै यस योजनाको मुहान संरक्षणको लागि बृक्षारोपण र मुहानको माथि छेउछाउमा रिजार्जपोखरी निमार्ण गर्न स्थानीय स्तरबाट तत्कालै गर्न सुझाव ।
- चिदिचौर खिल्जी खानेपानी योजना पुन निर्माणको लागि योजना तर्जुमा प्रक्रियाबाट अगाडि बढाई आउन अनुरोध ।
- जिल्ला विकास समितिमा प्राप्त हने आन्तरिक आय र अनुदान बजेटको महिला र बालबालिकामा प्राप्तहुने २० प्रतिशत बजेट् महिलाका प्रतिनिधिहरुको उपस्थितिमा बजेट विनियोजन हुने गरेको छ । कसैले आफ्नो गाउंमा मात्र पार्ने अवस्था छैन । चालु आ.व.का लागि खिल्जीमा प्रसुति भवन निमार्णका लागि रु. ५ लाख सोही शिर्षकबाट विनियोजन भई कार्यान्वयको चरणमा रहेको छ ।
- खिल्जी बेल्वोटमा सार्वजनिक सौचालयको आवश्यकता छ भने हामि पुर्ण सरसफाईको अभियानमा रहेकोले प्राथमिकताका आधारमा सार्वजनिक सौचालय निर्माण गरिने छ ।

| | | | | |
|---|---|---|---|---|
| | खिल्जी | पंचायत काल देखि माग गर्नु थालेका [illegible]लसम्म त्यो योजनाको सुनुवाई भएको छैन । | | केन्द्रिय नेता नभएर इलाका पछाडि परेका भनाइमा सहमत हुन सकिदैन । जिल्ला विकास समितिले जिल्लाको सबै क्षेत्रका जनातालाई समान दृष्टिकोणबाट विकासका कार्यक्रमहरु अगाडि बढाएको छ । यहाहरुले प्राथमिकताका साथ अगाडि बढाएका योजनाहरु सबै जसो सम्बोधन गर्न प्रयास गरिएको अवस्था छ ।<br>• विगत चौमासिक अवधिमा पोषण भत्ता पाउने बालबालिकाको संख्यामा फरकपर्न गएकोले सबैले पाउन नसकेका हुने पाउन योग्य सबै बालबिलिकाले पोषण भत्ता पाउछन । अब वितरण हुदा छुट भएका बालबालिकाको रकम थप गरि वितरणको व्यवस्था मिलाई सकिएको छ ।<br>• एकजना महिलाको समयमा अस्पताल पुर्याउन नसक्दा ज्यान गएकोमा म अत्यन्तै दुखि छु । गाविस स्तरीय सडक गाविसले मर्मत सम्भार गरि चालु अवस्थामा राख्नुपर्छ । सबै बस्तीमा सडक भए पनि नियमित सेवा दिन यातयात व्यवशायिलाई गाह्रो हन्छ । प्रत्येक गाविसमा एम्बुलेनस राख्न पनि त्यसले नियमित काम नपाउदा संचालनगर्न कठिनाईहुन्छ । सुत्केरी हुने अवस्थामा समयमै स्वास्थ्य सस्थामा सेवा लिने तर्फ परिवारलाई सचेचिकरण गर्नु पर्छ । हामि सबै त्यस तर्फ लाग्नु पर्छ ।<br>• कृषि सेवा केन्द्र स्थापनाको लागि जिल्ला परिषद मार्फत नेपाल सरकारलाई अनुरोध गरिएको छ । तत्काल संभव नहुन सक्छ । त्यसका लागि जिल्ला कृषि विकास कार्यालय र अन्य गैर सरकारी सस्थाहरुसंग समन्वय गरि प्रत्येक गाविसमा १ जना जे.टी. / जे.टि.ए. नियमित रुपमा बस्ने व्यवस्था मिलाउने तर्फ हामि समन्वय गरिरहेका छौं । |
| | संकर श्रेष्ठ , शान्ती मा.वि. शिक्षक | खिल्जीमा कफि र एलोवेरा खेतीको संभावना छ । माटो परीक्षण गरेर कार्यक्रम अगाडि बढाएमा गाविसका किसानहरुले फाईदा लिन सक्ने संभावना रहेको सुझाव । | | |

स्थानीय विकास अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | | | ... माटो परिक्षणको लागि जिल्ला कृषि विकास कार्यालयमा ल्याव स्थापना हुदै छ । त्यसपछि माटो परिक्षणको लागि त्यति समस्या नआउला । तर एलोवेराको बजारमा समस्या देखिएको छ , र गुल्मीमा कफि खेतीबाट कृषकहरु सन्तुष्ट भएको अवस्था देखिदैन । किनकी कफिमा लाग्ने रोग नियन्त्रण गर्न कठिनाई भएको छ । कफिको लागि छहारीको आवश्यकता पर्दछ । त्यसका लागि अन्य फाईदा हुने विरुवाहर लगाउनन सुरु गरौ । यहांहरुको अपेक्षा बमोजिम हामी सहयोग गर्न तयार छौ।<br><br>• दुर्वाड सिचाई योजनामा चालु आ.व.मा रु. २० लाख विनियोजन. भई निमार्ण कार्यका लागि निमार्ण व्यवशायिसंग सम्झौता समेत भै कार्यप्रारम्भ भएको छ । यसको गुणस्तरका लागि यहा हरुले नियमिति रुपमा अनुगमन गर्नुहोला । कहि कतै कमी कमजोरी देखिएमा हामिलाई सुझाव दिई सहयोग गर्न अनुरोध । यसलाई सम्पन्न गर्नमा आगामी दिनमा हामि प्रयाश गर्ने छौ. । |

साथै खिल्जी गाविसमा सामाजिक सुरक्षा भत्ता वितरणको दोस्रो चौमासिक भर्पाईमा सहि गरेका व्यक्तिहरुको नामावली पढेर सार्वजनिक गरि अनुमोदन गराईयो जसमा भत्ता वितरण पश्चात ४ जना व्यक्तिहरुको मृत्यु भैसकेको पाईयो ।

१/९/८

स्थानीय विकास अधिकारी